**नेपाली / *NEPALI***

*यो सन्देशमा तलका कुराहरू समेटिएका छन् -*

- *वसन्त शैक्षिक सत्रमा संक्रमण परिक्षण गरिनु पर्ने अनिवार्यता*
- *Safer Badgers app कसरि डाउनलोड गर्ने*
- *गोप्य सूचनाको संरक्षण*
- *संसर्ग/संक्रमणको सूचन*

प्रिय संकाय तथा कर्मचारीहरू,

नयाँ वर्षको शुभकामना ! मलाई विश्वास छ तपाईँहरूले यो हिउँदे विदाको समयमा आरम गर्ने र आफूलाई केही मात्रामा पुनर्ताजगी गर्ने अवसर पाउनु भयो होला। मैले पहिले भने जस्तै, विगतको चुनौतिपूर्ण शारदिय शैक्षिक सत्रमा यहाँहरूले दर्शाउनु भएको लचकता र समझदारीको सदा सराहना गर्दछु।

यो महिना तपाईँहरूले वसन्त सत्रमा पालना गर्नु पर्ने क्याम्पसका नयाँ सुरक्षा तयारी र सूचनाहरूको प्रशस्तै इमेलहरू पाउनु हुँनेछ। यी नयाँ सूचना र मान्यताहरूले तपाईँहरूलाई क्याम्पस समुदायको संरक्षणको जानकारी र *COVID-19* खोपको व्यापक वितरण सम्बन्धि जानकारी पाउन सहज हुनेछ।

यी सूचनाहरूले तपाईँलाई विस्तृत पारिएको संक्रमण परिक्षण र सुधारिएको *Safer Badgers app* को बारेमा जानकारी पाउनु हुँनेछ। सधैँ जस्तो *COVID-19 Response वेबसाईटमा* नयाँ नयाँ सूचनाहरू अद्यावधिक गरिनेछन्। नियमित यो वेबसाईट हेर्नुहुन अनुरोध गर्दछु।

Rebecca Blank
कुलपति, *University of Wisconsin–Madison*
........................

**वसन्त सत्रमा संक्रमण परिक्षणको अनिवार्यता**
हिउँदे विदा र विदा पछिको आवत-जावतले संक्रमण पुनरुत्थान हुन सक्ने ठूलो चिन्ता बढेकोछ। भरखरै पत्ता लागेको नयाँ *COVID* युवा समूहमा अधिक संक्रामक र चाँडै फैलन सक्ने देखिएकोछ। यी सबै कारणले, हामी हाम्रो समुदायलाई यथा सम्भव स्वस्थ्य र सुरक्षित राख्न चाहन्छौँ। परिक्षणको दायरा बढाएर एवं परिक्षणको नतिजालाई क्याम्पस सिस्टममा पहुँच पुग्ने बनाएर *COVID-19* को संक्रमण रोक्ने थप बलियो पर्खाल बनाउन चाहन्छौँ।

*UW–Madison* ले *थुकमा आधारित परीक्षण (saliva-based tests)* छानिएका स्थानहरूमा जनवरी ११ बाट शुरू गर्दैछ। यस्तो छिटो, र यथार्थ नतिजा दिने परिक्षण क्याम्पसका १२ स्थानहरूमा हप्ताको सातै दिन सञ्चालन हुँदैछन्। यसको नतिजा २४ घण्टा वा सो भन्दा पनि चाँडै आउने आशा गरेकाछौँ।

- जनवरी २५ देखि लागू हुने गरी, क्याम्पसमा कार्यरत सम्पूर्ण फ्याकल्टी तथा कर्मचारी वा क्याम्पस परिसर उपयोग गर्नु हुने सबै महानुभावले नियमित परिक्षण गर्नु पर्नेछ। **कुनै पनि कारण परेर, कुनै पनि समयमा क्याम्पस परिसरमा आउनु पूर्व कम्तिमा ८ दिन भित्र परिक्षण गरिएको नेगेटिभ रिपोर्ट पेश गर्नु पर्नेछ।** (केही तोकिएका

कर्मचारीहरूलाई, क्याम्पसमा वहाँहरूको कार्यक्षेत्र अनुसार लगातार परिक्षण गर्न पनि अनुरोध गरिनेछ । यदि तपाईंमा संक्रमण देखिएमा तपाईंको सुपरभाईजरले सूचित गर्ने छन् ।)

- अपोईन्टमेन्ट सिस्टमले परिक्षणको लामो लाईन र कुर्नु पर्ने समयलाई छोट्याउन मद्दत गर्नेछ । तपाईंले *Safer Badgers app* र वेबसाईटबाट अपोईन्टमेन्ट लिन सक्नुहुनेछ ।
- *UW–Madison* का कर्मचारी तथा विद्यार्थीलाई यस्तो परिक्षण निःशुल्क उपलब्ध हुनेछ ।

***Safer Badgers app***

निःशुल्क, प्रयोग गर्न सजिलो *Safer Badgers* भनिने मोवाईल एप्लिकेसन ले परिक्षणको समय लिन, परिक्षणको नतिजा तुरुन्तै प्रप्त गर्न, र अन्य थप स्वास्थ्य सुविधा सम्बन्धि सूचना प्राप्त गर्न समेत सहयोगि हुनेछ ।

- *Apple* फोनको लागि यो एप्लिकेसन saferbadgers.wisc.edu वेबसाईटमा उपलब्ध छ । *Android* को लागि *Google* बाट स्वीकृति पाउने पर्खाइमा छ । स्वीकृति पाउनासाथ हामी तपाईंलाई ईमेल पठाउनेछौं । यदि तपाईंले *Android* चलाउनु हुन्छ अनि तपाईंलाई अर्को हप्ता चाँडै परीक्षण गर्नुपर्ने छ भने, कृपया android@umark.wisc.edu मा ईमेल पठाउनुहोस् । वेबसाईटको संस्करण पनि चाँडै नै उपलब्ध हुनेछ।
- यो एप्लिकेसनको स्क्रिनमानै तपाईंले क्याम्पसको *virtual* पास लगायत काम गर्ने स्थान, व्यक्तिगत कक्षा सञ्चालन भएका भवन र अरू व्यक्तिगत क्रियाकलापहरू भैरहेका स्थानको सूचनामा पहुँच पाउनु हुनेछ । क्याम्पसमा पालना गर्नु पर्ने नियमहरू जस्तैः- ८ दिन भित्रको नेगेटिभ परिक्षण नतिजा भएको, तपाईंले *quarantine/isolation* मा बस्नु पर्ने वा नपर्ने, र *COVID-19* का लक्षणहरू प्रस्तुत गरे/नगरेको अवस्थामा यो एप्लिकेसनमा भएको *Badger Badge* हरियो देखिनेछ ।
- यो *Badger Badge* मा तपाईंका कुनै पनि व्यक्तिगत स्वास्थ्य सूचना देखिने छैन - यसले तपाईंलाई भवनमा प्रवेश गर्ने पहुँचको अवस्था मात्रै दिनेछ । जनवरी २५ देखि लागू हुने गरी, क्याम्पस भवनमा प्रवेश गर्दा अनुरोध गरिएमा *Badger Badge* देखाउनु पर्नेछ । यदि यो हरियो छैन भने, क्याम्पस भवनमा प्रवेश पाउनु हुनेछैन ।
- क्याम्पस सापटी कार्यक्रम अन्तर्गत सीमित प्रयोग गरिने *Safer Badgers* एप्लिकेसन सहितका उपकरणहरू क्याम्पसबाट सापटी लिन सक्नु हुँनेछ । अधिक जानकारीको लागि लिंकमा थिच्नुहोस् । थप थाहा पाउनुहोस् ।

**व्यक्तिगत सूचनाको संरक्षण**

- यो *Safer Badgers app* ले क्याम्पस परिसर भित्र वा बाहिरको तपाईंको वर्तमान स्थान वा स्थानहरूको ईतिहास (*location history*) ट्र्याक गर्ने छैन ।
- यो *app* मा सबै किसिमका तथ्याङ्कहरूको मजबूत गोपनीयता र सुरक्षा व्यवस्था, लगायत बहुआयामिक प्रमाणीकरण र ईन्क्रिप्शन निहित रहेको छ ।

**संसर्ग वा संक्रमणको सूचना**

यो *Safer Badgers app* ले कुनै पनि नजिकमा रहेका वा संसर्गमा भएका प्रयोगकर्ता *COVID-19* संक्रमित भएका भएपनि उनिहरूको सुरक्षित व्यक्तिगत सूचना बाहेकका संक्रमणका सूचना एक-आपसमा आदान/प्रदान गर्नेछ ।

- तपाईंले यो सुविधा अस्विकार गर्न सक्नुहुँनेछ — यो तपाईंको रोजाई हो ।

- सबै तथ्याङ्कहरू अज्ञात रहनेछन्। एउटा सूचना प्रापकको हैसियतमा कसबाट यो सूचना आएको हो तपाईंले थाहा पाउनु हुनेछैन। यसै गरी तपाईंको परिक्षणमा *COVID-19* संक्रमित देखिएमा पनि कसले सूचना पाएकोछ, तपाईंले थाहा पाउनु हुनेछैन।
- *Safer Badgers* को यो सुविधा विस्कन्सिन राज्यको *Department of Health Services* बाट दिईएको *WI Exposure Notification app* मा भन्दा फरक हुन्छ । यदि तपाईं चाहनुहुन्छ भने, विस्तृत *coverage* को लागि यी दुबै साथ साथै प्रयोग गर्न सक्नु हुँनेछ र हामी पनि यसो गर्न प्रोत्साहन गर्दछौं।
- संसर्ग सूचनाको प्रयोगले तपाईंलाई संक्रमण भएमा तुरून्तै आवश्यक सहायता पाउन सक्नुहुँनेछ र आफ्ना परिवार वा समुदायमा संक्रमणा फैलिन नदिन पनि सहयोगि हुँनेछ।

**यस पछि के त ?**

जनवरी १४ मा आउने इमेल हेर्न नभुल्नु होला। हाल लाई, थप सूचनाको लागि covidresponse.wisc.edu हेर्दै रहनु होला र थप प्रश्नहरू छन् भने यो लिङ्कमा जानुहोस्, *FAQ* ।